# कपिलवस्तु नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : २ संख्या : १९ मिति : २०७६/०१/१०

## भाग २

## कपिलवस्तु नगरपालिका

## कृषक समुह गठन तथा परिचालन सम्बन्धी निर्देशिका,२०७५

कार्यपालिकाबाट पारित मितिः २०७५/१२/२५

प्रमाणीकरण मितिः २०७६/०१/१०

कपिलवस्तु नगरपालिकाको प्रशासकिय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ३ को उपदफा (१) बमोजिम कपिलवस्तु नगरपालिकाको नगरकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### भाग ३
### कृषक समुह गठन तथा परिचालन सम्बन्धी निर्देशिका,२०७५

परम्परागत कृषि प्रणालीलाई विकसित गरी बैज्ञानिक प्रविधिको अवलम्बन गर्दै कृषि पेशालाई विविधिकरण व्यवसायीकरण मार्फत औद्यौगिकरण्को निमित्त कृषकलाई नयां प्रविधि तर्फ आकर्षित गर्ने,उत्प्रेरित गर्न,सो को अभ्यास गराउँदै यस्ता प्रविधिको अवलम्बन गर्ने गराउने उद्देश्य अनुरुप कृषि प्रविधिलाइ सरल र

सहजरुपमा कृषक माझ पुर्‍याउन कृषकहरुको वैयक्तिक तथा संस्थागत विकासका लागि कृषक समुह गठन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७५ को परिच्छेद ३,दफा ११ को उप दफा (२) (१) (ण)(१),(द)(१),(द)(५) र कपिलवस्तु नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्थागर्न बनेको ऐन २०७५ को दफा (२)(ङ.) र दफा ३७ बमोजिम कृषक समुह गठन, परिचालन र नियमन गर्न कृषक समुह गठन तथा परिचालन सम्बन्धी निर्देशिका,२०७५ तयार गरी लागु गरिएको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

१. यो कार्यविधिको नाम "कृषक समुह गठन तथा परिचालन सम्बन्धी निर्देशिका २०७५" हुनेछ।

२. यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भए पछि तुरुन्त लागु हुनेछ।

२. परिभाषाः विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

१. "समुह" भन्नाले व्यवसायिक कृषि प्रणाली अवलम्बन गर्ने उद्देश्यका लागि गठन भएका ५ वा सो भन्दा बढी २५ जना सम्मको कृषकहरुको समुहलाई जनाउनेछ।

२. "कृषि" भन्नाले कपिलवसतु नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७५ को दफा २(च) बमोजिमका कार्यहरुलाई जनाउनेछ।

३. "कृषि व्यवसाय" भन्नाले कपिलवस्तु नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७५ को दफा २(ञ) बमोजिमका व्यवसायीक कार्यहरुलाई बुझाउनेछ।

४. "नगरपालिका" भन्नाले कपिलवस्तु नगरपालिका नगर कार्यपालिकाको कार्यालय तौलिहवालाई जनाउनेछ।

५. "शाखा" भन्नाले कपिलवस्तु नगरपालिका,नगरकार्यपालिकाको कार्यालय कपिलवस्तुको कृषि विकास शाखा र पशुपंक्षी विकास शाखालाई जनाउनेछ।

६. "अध्यक्ष" भन्नाले यसै निर्देशिका बमोजिम गठित कृषक समुहको अध्यक्षलाई जनाउनेछ।

७. "उपाध्यक्ष" भन्नाले यसै निर्देशिका बमोजिम गठित कृषक समुहको उपाध्यक्षलाई जनाउनेछ।

८. "सचिव" भन्नाले यसै निर्देशिका बमोजिम गठित कृषक समुहको उपाध्यक्षलाई जनाउनेछ।

९. "सदस्य" भन्नाले यसै निर्देशिका बमोजिम गठित कृषक समुहको सचिवलाई जनाउनेछ।

१०. "सेवा केन्द्र" भन्नाले कपिलवस्तु नगरपालिका,नगरकार्यपालिकाको कार्यालयबाट सञ्चालन हुने कृषि तथा पशु सेवा प्रसार कार्यको कृषकहरुले सम्पर्क गर्ने फिल्ड स्तरमा रहेको कृषि वा पशुपंक्षी शाखाको ईकाई कार्यालयलाई बुझाउनेछ।

११. "कार्यालय प्रमुख" भन्नाले कपिलवस्तु नगरपालिका,नगरकार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकिय अधिकृतलाइ जनाउनेछ।

१२. "शाखा प्रमुख" भन्नाले कपिलवस्तु नगरपालिका,नगरकार्यपालिकाको कार्यालय कपिलवस्तुको सम्बन्धी कृषि वा पशु सेवा शाखालाई जनाउनेछ।

१३. "बैठक" भन्नाले कृषक समुहको बस्ने बैठकलाई जनाउनेछ।

१४. "समिति" भन्नाले कपिलवस्तु नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७५ को दफा ६ बमोजिमको स्थानीय कृषि व्यवसाय प्रवर्द्धन समितिलाई बुझाउनेछ।

## परिच्छेद २
## कृषक समुह गठनको उद्धेश्य :

स्थानीय सरकार सञ्चालन ऐन २०७५ र कपिलवस्तु नगरपालिकाको कृषि व्यवसाय प्रवर्द्धन ऐन २०७५ ले तोके बमोजिमका विभिन्न कृषि सम्बन्धी कार्यहरुको सम्पादनका लागि कृषकहरुका माफ गरिने उन्नत कृषि प्रविधि प्रचार प्रसार कार्यलाई सहज तुल्याउन,कृषकहरुको कृषि समबन्धी निर्णय क्षमता र नेतृत्व विकास गर्न,कृषक बचत मार्फत सामुदायिक बचत र सामुदायिक पुंजीको विकास लगायतका कार्यहरुमा सेवा प्रवाहका लागि कृषक समुह सजिलो र दिगो माध्यम भएकोले स्थानीय स्तरमा कृषक समुह गठन गर्नु आवश्यक रहेको छ। यस निर्देशिका बमोजिम गठन हुने समुहको उद्धेश्य तथा कार्यहरु निम्नानुसार छन्।

१. समुह सदस्यहरुको बसोबास रहेको भौगोलिक गाउं टोल क्षेत्रको जलवायु सुहाउंदो पशुपालन तथा कृषि बालनालीहरुमा व्यवसायीकरण र विविधिकरणका नयां प्रविधि अपनाउंदै उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने।
२. समुहमा उन्नत बिउ बिजन तथा रासायनिक मल लगायतका कृषि तथा पशुपंक्षी उत्पादन सामाग्रीहरुको व्यवस्थापन गर्ने।
३. खेतीयोग्य जमिनमा सिंचाईको व्यवस्थापन गर्ने।
४. प्राड.गारिक उत्पादनमा जोड दिने।
५. कृषि सामाग्री तथा कृषि उपजहरुको बजारीकरणका कार्यहरु गर्ने।
६. कृषि उत्पादन प्रवर्द्धन,प्रशोधन र बजारीकरण एवं पशु प्रजनन्का कार्यहरु,पशु आहारा,पशु स्वास्थ्य र पशु तथा पशुपंक्षी बजारीकरणका पशु प्रविभिको प्रचार प्रसारका कार्यहरु गर्ने।
७. गोठ तथा भकारो सुधार गर्ने।
८. मौरी पालन तथा च्याउ खेती गर्ने।
९. बेमौसमी तथा मौसमी तरकारीहरुको उत्पादन र बजारीकरण गर्ने।
१०. नयां नयां प्रविधिको परीक्षण गर्ने।
११. सरकारी तथा गैरसरकारी एवं समुदायमा आधारित निकायहरुसंगको साझेदारी र सहकार्यमा कृषि विकास समबन्धी विभिन्न कार्यक्रमहरु संचालन गर्ने।
१२. जैविक विविभताको संरक्षण,सम्बर्द्धन र विकास गर्ने।
१३. कृषि वन वातावरण संरक्षण सम्बर्द्धन र विकासका सबै कार्यक्रमहरु सञ्चालन गर्ने।
१४. मासिक बचत र परिचालन गर्ने।
१५. समुहले तोके बमोजिमका कृषि विकास समबन्धी अन्य विविध कार्यहरु गर्ने।

## परिच्छेद ३
## कृषक समुह गठन तथा समुह दर्ता

१. समुहमा कृषक संख्या : खेती योग्य जग्गाको एउटै ब्लक बनाउन सकिने गरी जग्गाको भोगचलनकर्ताहरु वा एकै उद्देश्यका लागि कृषि वा पशुपालन गरी आएका व ागर्ने १५ देखी २५ सम्मका कृषकहरु स्वतःस्फुर्त रुपमा आफै वा कार्यालयको प्राविधिक कर्मचारीको सहयोगमा एक घरभुरी एक मात्र सदस्य रहने गरी कृषक समुह गठन गर्न सकनेछन। तर कुनै बिशेष प्रयोजनका

लागि १५ जवान सदस्य पुर्‍याउन नसकिने अवस्थामा कम्तीमा ५ जवान कृषक मात्र भए पनि समुह गठन गर्न सकिनेछ ।

२. कार्यालयबाट सहजीकरण : उन्नत कृषि प्रणाली अपनाउनका लागि समुह गठन गरी कृषि प्रसार कार्यक्रममा सहभागी हुन कृषकहरुबाट अनुरोध भएमा समबन्धीत प्राविधिकले कृषक समुह गठन तथा परिचालन कार्यमा सहजीकरण गर्नेछन् ।

३. स्टेशनरी सहयोग : समुह गठन गर्नका लागि कार्यालयले समुह बैठकका लागि रजिष्टर,कलम,फायलहरु लगायत केही स्टेशनरी खर्चका लागि नगरपालिकाको बजेट उपलब्ध भए सम्म सहयोग गर्न सक्नेछन् ।

४. समुह दर्ताको लागि निवेदन दिनु पर्ने : समुहबाट तयार गरिएको विधानको सबै पानामा समुहका सबै सदस्यहरुबाट प्रमाणित गरी सम्बन्धीत वडा कार्यालयको सिफारिस सहित अनुसुची १ बमोजिमको निवेदन दिनुपर्नेछ । यस अघि जिल्ला कृषि विकास कार्यालय वा अन्य कुनै संघसंस्थाहरुमा दर्ता भएको समुहको हकमा पुराना प्रमाणपत्रहरु तथा प्रगती देखिने अन्य कागजातहरु समेत संलग्न राख्नु पर्नेछ ।

५. समुहको आफ्नो विधान र छाप हुनु पर्ने : समुहको विधानको साथमा समुह बैठकको निर्णय,समुह दर्ताको लागि कार्यालयलाई लेखिएको पत्र र अनुसुची २ बमोजिमको सदस्य कृषकहरुको विवरण संलग्न राख्नु पर्नेछ । समुहले आफ्नो विधान तयार गर्नका लागि मस्यौदा विधान कार्यालयबाट प्राप्त गर्न सक्नेछन् । उक्त मस्यौदालाइ आफ्नो भौगोलिकता र उद्देश्य अनुकुल परिमार्जन गर्न सकिनेछ । समुहको छाप आफ्नै छाप हुनु पर्नेछ ।

६. सर्व सहमतरु र सहमती समुह निर्णयको आधार : समुह गठन गर्दा समुहमा रहने विभिन्न पदाधिकारी सर्व सम्मतबाट चयन हुने छन् । कुनै किसिमले सर्वसम्मत हुन नसकेमा प्रचलित व्यवस्था बमोजिम निर्वाचनद्धारा सदस्यहरुबाट पदाधिकारीहरु चयन गरिने छन् । यसरी गरिने निर्वाचनमा समुहको अनुरोधमा नगरपालिकाबाट सहजीकरण हुन सक्नेछ ।

७. समुह दर्तामा दस्तुर नलाग्ने : उपरोक्त बमोजिम दर्ता हुन आएको निवेदन उपर कार्यालयले प्राप्त निवेदन उपर आवश्यक प्रकृया पुरा गरी समुह दर्ता गर्नु पर्छ भन्ने लागेमा समुह दर्ता गरी समुह दर्ता प्रमाणपत्र प्रदान गरिनेछ । समुह दर्ता गरी कृषक समुह दर्ता प्रमाण पत्र उपलव्ध गराउने छ । यसरी वडा कार्यालयबाट समुह दर्ताको सिफारिस गर्दा वा कार्यालयमा समुह दर्ता गर्दा कुनै दस्तुर लाग्ने छैन ।

८. समुह दर्ता प्रमाण पत्र : कार्यालयको निर्णय अनुसार दर्ता गरिने समुहलाई समुह दर्ता प्रमाण पत्र दिईने छ । समुह दर्ता प्रमाण पत्र दिईनेछ । समुह दर्ता प्रमाण पत्र प्राप्त भए पछि कार्यालयमा सो को अभिलेखीकरणा भएको मानिने छ । समुह दर्ता भएपछि यस्ता समुहहरु नगरपालिकाबाट सञ्चालन गरिने कृषि तथा पशुपंछी विकास कार्यक्रममा सहकार्य गर्नेछन् ।

९. निःशुल्क नविकरण : समुह गठन र दर्ता उपरान्त प्रत्येक आर्थिक बर्षको आश्विन मसान्त भित्रमा समुह नविकरण गर्नुपर्नेछ । अन्यथा तोकिए बमोजिम जरिवाना लाग्नेछ ।

## परिच्छेद ४
## कृषक समुह परिचालन

१. मासिक बैठक बस्नु पर्ने : समुह गठन पश्चात कृषकहरु आफ्ना कृषि कार्यहरुका बारेमा छलफल गर्ने,नियमित रुपमा महिनामा एक पटक समुह बैठक अनिवार्य रुपमा बस्नु पर्नेछ । समुहको आवश्यकता अनुसार जुनसुकै बेला पनी समुहको बैठक बस्नेछ ।

२. समुह बचत र परिचालन : बैठकको निर्णय अनुसार मासिक बैठकमा सदस्यहरुले मासिक बचत समेत जम्मा गर्नेछन् । समुह बचत कोषबाट कृषि प्रयोजनका लागि तोकिए बमोजिमको व्याजदरमा सदस्य हरुले रिण लिन पाउने छन् ।

३. समुहको बैक खाता सञ्चालन : नजिकको बैकमा बैक खाता खोलिनेछ ,जसमा कोषाध्यक्षको अनिवार्य सहित समुहको निर्णय अनुसार कम्तिमा अन्य १ जना सदस्य समेतको संयुक्त दस्तखतमा खाता संचालन हुनेछ ।

४. बाली पात्रो , कार्ययोजना तयार गर्ने : समुहमा सदस्यहरुले प्राविधिकको सहयोगमा बाली पात्रो एवं पशुपालनका लागि आवधिक - मासिक,चौमासिक,बार्षिक) कार्ययोजना तयार गर्नेछन् । तयार भएको कार्ययोजना अनुसार समुह सदस्यहरुले बाली तथा पशुपंछी उत्पादन र बजारकिरणका कार्ययोजनाहरु अवलम्बन गर्ने छन् ।

५. समुहको निर्णय समुह पद्धतीमा गरिनु पर्ने : समुहमा आईपर्ने प्राविधिक समस्याहरु सम्बन्धित प्राविधिकको सहयोगमा निवारण गर्नेछन् । समुहमा आईपर्ने अन्य समस्याहरु समुहको निर्णय अनुसार समाधान गरिनु पर्नेछ । सो हुन नसकेमा प्रचलित व्यवस्था अनुसार हुनेछ । समुहको अनुरोधमा कार्यालयबाट सो को सहजीकरण गर्न सकिनेछ ।

६. समुहको रेकर्ड : समुहको एक फायल कृषि सेवा केन्द्रमा रहनेछ,जसमा समुहको निर्णय,कार्यक्रममा सहभागी भएका रेकर्डहरु, समुहको बैंक खाताको स्टेटमेण्ट आदि रहने छन् । समुहले पनी आफ्ना कृयाकलापहरुको रेकर्ड अद्यावधिक गरी राख्नु पर्नेछ ।

७. खेती खर्चको विवरण राख्नु पर्ने : समुहका प्रत्येक सदस्यहरुले आफुले लगाएको बाली तथा पशुपालन कार्यको उत्पादन,भण्डारण,ढुवानी,बजारीकरण लगायत सबै कार्यहरुको लागत खर्च र नगरपालिकाबाट माग भएको अवस्थामा उपलब्ध गराउनु पर्नेछ ।

८. प्रगती,प्रतिवेदन र समीक्षा : समुहले प्रत्येक मासिक मासिक बैठकमा गरिएका निर्णयहरुको कार्यानवयन अवस्था,प्राप्त भएको उपलब्धी र प्रगतीहरु,परिआएका समस्याहरु,समस्या समाधानका लागि गरिएका प्रयासहरु र सो को प्रतीफल,बालीनालीको अवस्था,बालीनालीहरु लगाउंदा भएको खर्च र बाली कटानी उप्रान्त बिक्रि गरी भएको आम्दानी आदी कार्यहरुको चौमासिक समीक्षा गर्नु पर्ने छ ।

९. समुहमा मेलमिलाप हुनु पर्ने : समुहका सदस्यहरुले आपसमा मेलमिलापको भावना कायम राख्नु पर्नेछ । यस समुहका बैठकहरुमा समुहका सदस्यहरुले निजी वैयक्तिक विषय उपर छलफल गर्दा उपयुक्त हुन्छ भन्ने समुहलाई लागेमा यस्ता विषयहरु उपर समेत छलफल गरी सामाजिक सद्भाव,सहकार्य,साझेदारीता बृद्धिमा योगदान गर्न सक्नेछन् ।

१०. व्यवसाय दर्ता गर्नु पर्ने : कृषि कार्यलाई व्यवसायमुलक रुपान्तरणका लागि समुह गठन गरिने भएकोले समुहका सदस्यहरु मिलेर समुहगत रुपमा संचालन गर्ने कृषि व्यवसायन गरपालिकामा दर्ता गर्नु पर्नेछ । कृषि व्यवसायको मापदण्ड तोकिए बमोजिमको हुनेछ ।

११. कृषि उत्पादन सामाग्री तथा कृषि उपज सामाग्रीहरुको बजार व्यवस्थापन : समुहले कृषि उत्पादन सामाग्रीहरुको व्यवस्थापनको लागि प्रंचलित कानुन बमोजिम अनसमती लिई बिउ बिजन,रासायनिक तथा प्राङ.गाारिक मल, सिंचाइका सामाग्रीहरु,कृषि मेशिनरी लगायत कृषि उपज सामाग्रीहरुको व्यवस्थापन र व्यापारिक कारोवार गर्न सकने छन् । त्यसै गरी आफ्ना समुह भित्र वा बाहिरका कृषकहरुले उत्पादन गरेका कृषि उपज सामाग्रीहरुको प्रशोधन र बजारीकरणका कार्यहरु समेत गर्न सक्नेछन् ।

१२. नगरपालिकाको कार्यक्रममा सरीक हुनु पर्ने : कृषक समुहले नगरपालिकाबाट संचालन हुने कुनै पनि किसिमका कृषि वा गैर कृषि कार्यक्रमहरुलाई सफल पार्न यथाशक्य सहयोग गर्नु पर्नेछ ।

१३. अन्तर समुह समन्वय समिति : विभिन्न समुह बाट प्रतिनिधित्व गरी अन्तर समुह समन्वय समितिको गठन गर्न सकिनेछ । समुह पद्धतीलाई विकसित गर्दै संस्थागत अभ्यास सुदृढ गर्नका लागि सबै समुहहरुबाट १,१ प्रतिनिधीहरु रहने गरी वडागत रुपमा अन्तर समुह समन्वय समितिको गठन हुनेछ । यसको संचालन कार्यविधिले तोके बमोजिम हुनेछ ।

१४. नगरपालिका स्तरीय कृषक मुल समिति : नगरपालिकामा रहेका सबै कृषकहरुको संजालका रुपमा नगरपालिका भित्रका सबै कृषक समुहहरुका प्रतिनिधीमुलक संस्थागत रुपमा एक नगरपालिका स्तरीय कृषक मुल समितिको गठन गर्न सकिनेछ । यसको संचालन कार्यविधिले तोके बमोजिम हुनेछ ।

१५. अन्यलाई पनि ज्ञान बुझाउनु पर्ने : समुह गठन र कृषि प्रविधि अभ्यासको क्रममा पाएको र आफुमा भएको ज्ञान सो सम्बन्धी अभिरुची राख्ने अन्यलाई पनि बुझाउनु पर्नेछ । समुहले कृषि प्राविधिक र अन्इ कृषकहरुको बिचमा सहजीकरणको कार्य पनि गर्न सक्नेछन् ।

१६. समुहमा अन्य सामाजिक विषयहरुको सन्दर्भ : सामाजिक न्यायको सिद्धान्तमा आधारित भई समुहका सदस्यहरु नेतृत्व विकास,उन्नत खेती प्रणालीको अवलम्वन,सामुदायिक स्वास्थ्य,शिक्षा,पर्यटन,तथा रोजगारी प्रर्वद्धनका अन्य कार्यहरुमा पनी अभिरुची लिनेछन र समुह निर्णय अनुसार यस्तो कार्यमा अरुलाई सहयोग समेत गर्नेछन् ।

१७. टोल विकास संस्थाले कृषक समुह परिचालन गर्न सक्ने : नगरपालिकाबाट गठन भएका र गठन हुने टोल विकास संस्थाहरु नगरपालिकाबाट तोकिए बमोजिम समुह दर्ता गरी कृषक समुहका रुपमा पनि कार्य गर्न सक्नेछन् । तर टोल विकास संस्थामा २५ जना भन्दा बढी घरधुरी भएको अवस्थामा टोल विकास संस्थाको सहजीकरण रहने गरी २५,२५ जवानको समुह गठन हुन सक्नेछ ।

१८. समुह बाहेक पनी कृषि विकास कार्यक्रमहरु सञ्चालन गर्न सकिने : नगरपालिकाबाट सञ्चालन हुने कृषि विकास कार्यक्रमहरुको प्रकृति अनुसार कृषक समुह, कृषि सहकारी संस्थाहरु,कृषिमा आधारित गैरसरकारी संस्थाहरु,गाउं तथा टोल समितिहरु,निजी व्यवसायीहरु,कम्पनी लगायत अन्य कुनै पनि सरोकारवाला संस्था तथा निकायहरुसंग सहकार्यमा संचालन गर्न सकिनेछ ।

१९. नगर क्षेत्र भित्र क्रियाशिल सहकारी संस्थाहरुले कृषि तथा पशु विकासमासंग सम्बन्धी समुह गठन गरी कार्य गरेको अवस्थामा त्यस्ता समुहलाई यस निर्देशिका प्रयोजनका लागि यसै निर्देशिका बमोजिम गठित समुह मानिनेछ ।

## परिच्छेद ५
## कृषक समुहको नियमन र पारदर्शिता

१. बार्षिक लेखा परीक्षण र सार्वजनिक सुनुवाई : समुहले वार्षिक रुपमा नियमानुसार लेखा परिक्षण गराउनु पर्नेछ । लेखा परीक्षण प्रतिवेदनको एक प्रति सेवा केन्द्रमा समेत उपलव्ध गराउनु पर्नेछ । त्यस्तै वर्षको एक पटक सार्वजनिक सुनुवाई पनि संचालन गर्नु पर्नेछ ।

२. बार्षिक साधारण सभा : समुह गठन भई दर्ता भएको एक वर्ष भित्र र प्रत्येक वर्षमा समुहले साधारण सभाको आयोजना गर्नु पर्नेछ । साधारण सभामा बार्षिक कार्यकमहरुको प्रगती,समिक्षा, बार्षिक आय व्ययको विवरण,आउंदो बर्षको कार्यक्रमहरुको तर्जुमा लगायत नियमानुसार सम्पादन

गर्नुपर्ने कार्यहरु समेत पारित गर्नु पर्नेछ । यसको एक प्रती प्रतिवेदन कार्यालयमा उपलव्ध गराउनु पर्नेछ ।

३. अधिवेशन र विशेष अधिवेशन : समुहको सर्वोच्च अङ.ग समुहको अधिवेशन हुनेछ । अधिवेशन गर्ने अवधी समुहको विधान बमोजिम निर्धारण हुनेछ । विधानमा समुहले विशेष अबिधेशनको व्यवस्था समेत गर्न सक्नेछ ।

४. अन्य संघ संस्थाहरुसंगको समन्वय : समुहले अनुमती लिई कुनै अन्य संघसंस्थासंगको सहकार्यमा कृषि प्रविधि अनुसन्धान तथा विकास सम्बन्धी कार्यहरु सञ्चालन गर्न सक्नेछन् ।

५. समुहको अनुगमन : यस नगरपालिकाको अनुगमन व्यवस्था बमोजिम नगरपालिकाबाट एवं नगरपालिका संगको समन्वयमा नेपाल सरकारका सबै निकायहरुले कृषक समुहका कृयाकलाप एवं समुहका कागजातहरुको अध्ययन,अवलोकन र अनुगमन गरी पृष्ठपोषण गर्न सक्ने छन् । प्राप्त पृष्ठपोषणहरु उपर समुह बैठकमा छलफल गरी निर्णय गर्नु पर्नेछ ।

## परिच्छेद ६
## विविध

१. समुह निष्कृयको अवस्था : लगातार ३ महिनासम्म मासिक बैठक नबसेमा,समुहले कृषि प्रसार कार्यमा अभिरुची नराखेमा,अन्य विभिन्न कारणहरुले समुह निष्कृय भएको गुनासो प्रमाणित भएमा समुह निष्कृय भएको मानिनेछ । यस्तो अवस्थामा कार्यालयबाट सञ्चालन हुने कृषि विकास कार्यक्रमहरुको लागि उक्त समुहसंग साझ्रेदारी गर्न सकिने छैन ।

२. समुह विघटन हुन सक्ने : पटक पटक समुहको विधान विपरीत कार्य गरेको प्रमाणित भएमा सरकारी जायजेथा वा रकम हिनामिना वा दुरुपयोग गरेमा, समुह निष्कृय भएमा,समुहको निर्णय अनुसार समुह विघटन गरिएमा, प्रचलित नियम विपरितका कार्यहरु गरेमा स्थानीय टोल विकास संस्था समेत वडा कार्यालयको सिफारिसमा कार्यालयबाट छानविन गरी समुह विघटन गर्न उचित देखिएमा विघटन गरिनेछ । तर समुहमा सदस्यहरुबाट जम्मा भएको बचत रकम समुहको अभिलेखको आधारमा सांवा व्याज वितरण गरिनेछ ।

३. संसोधन : आवश्यकता र औचित्यताको आधारमा नगर कार्यपालिकाको निर्णय अनुसार कार्यविधि शंसोधन गर्न सकिनेछ, ।

४. खारेजी : यस कार्यविधिमा उल्लेखित कुराहरु प्रचलित कानुन बमोजिम बाझिएमा बाझिएको हदसम्म स्वतः खारेज हुनेछन् ।

अनुसुची १

(कार्यविधिको बुंदा नं. ३(४) बमोजिम समुह गठनका लागि कार्यालयमा दिईने निवेदन)

श्रीमान् प्रमुख प्रशासकिय अधिकृत ज्यु,
कपिलवस्तु नगरपालिका,
नगरकार्यपालिकाको कार्यालय
कपिलवस्तु ।

**विषय : समुह दर्ता गरि पाउं ।**

समुह गठन गरी सामुहिक प्रक्रियाद्धारा कृषि विकास कार्यक्रममा सहभागी हुन संलग्न विवरण बमोजिम हामी संगठित भई समुह गठन गरेका छौं । समुह गठन र परिचालन बारेमा कपिलवसतु नगरपालिकाको नियमावली,मार्गदर्शन,कार्यविधि र प्रचलित कानुन अनुसार कार्य गर्नेछौं । समुह दर्ता गरी पाउं ।

**संलग्न कागजातहरु :**

१. समुहको पहिलो बैठकको निर्णयको प्रतिलिपी पाना :
२. समुहको विधान पाना :
३. अनुसुची २ अनुसारको समुह सदस्यहरुको विवरण पाना :
४. अन्य केही भए सो को विवरण :

| | |
|---|---|
| समबन्धित टोल विकास संस्थाको सिफारिस समुहको निवेदन अनुसार निम्न समुहलाई कपिलवस्तु नगरपालिकामा दर्ता गर्न सिफारिस गरिनेछ ।<br>सिफारिस गर्नेको नाम :<br>पद :<br>दस्तखत :<br>मिति :<br>छाप : | समबन्धीत वडा कार्यालयको सिफारिस ,समुहको निवेदन अनुसार निम्न समुहलाई कपिलवस्तु नगरपलिकामा दर्ता गर्न सिफारिस गरिन्छ ।<br>सिफारिस गर्नेको नाम :<br>पद :<br>दस्तखत :<br>मिति :<br>वडा कार्यालयको छाप : |

| |
|---|
| निवेदक :<br>समुहको नाम :<br>ठेगाना :<br>समुह अध्यक्षको नाम :<br>सम्पर्क फोन नं.:<br>समुहको छाप :<br>मिति : |

पहिलो पेज

"समृद्ध कपिलवस्तु सुखी कपिलवस्तु"
कपिलवस्तु नगरपालिका
नगरकार्य पालिकाको कार्यालय
कृषि विकास शाखा
तौलिहवा कपिलवस्तु
५ नं. प्रदेश

दर्ता नं. मिति :

कृषक समुह दर्ता प्रमाण पत्र

कृषि उत्पादन कार्यलाई टेवा पुर्‍याउने उद्देश्यले मिति ............................................मा गठन भएको कपिलवस्तु नगरपालिका वडा नं..................स्थित श्री ........................................................समुह यस कपिलवस्तु नगरपालिका,नगरकार्यपालिकाको मिति ˙...........................................को निर्णय अनुसार समुह गठन अभिलेखमा दर्ता गरी यो प्रमाण पत्र दिईएको छ ।

प्रमुख प्रशासकिय अधिकृत

पेज दोश्रो : पछाडि छापिने ।

| समुह नवीकरणको विवरण | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| नवीकरण | | नविकरण शुल्क | | | | फांटवाला | प्रमाणित गर्ने |
| मिति | मान्य रहने अवधी | दस्तुर रु. | जरिवाना रु. | जम्मा रु. | रसिद नं. | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

**नोट :**

१. यो प्रमाणपत्र समुहको कार्यालयमा सबैले देखिने गरी राख्नु पर्नेछ ।
२. प्रत्येक आ.व.को समाप्ति पछिको आश्विन महिना भित्र निः शुल्क नवीकरण गरी सक्नु पर्नेछ ।
३. तोकिएको समयभित्र नवीकरण नगराएमा रु.१००.०० नरिवाना लिई नवीकरण गर्न सकिनेछ ।
४. यो प्रमाण पत्र हराएमा समुहको निर्णय अनुसार माग गरेमा रु. जरिवाना लिई प्रतिलिपी उपलव्ध गराउन सकिनेछ ,
५. अन्य कुराको हकमा समुहको विधान र प्रचलित ऐन अनुसार हुनेछ ।

**कृषक समुहका सदस्यहरुको बैयक्तिक विवरण**

कपिलवस्तु नगरपालिका,नगरकार्यपालिकाको कार्यालय,कपिलवसतु ।

कृषक समुहको नाम :

कृषक समुह स्थित ठेगाना : कपिलवस्तु नगरपालिका वडा नं.............टोल.........

महिला :

पुरुष :

गठित समुहको किसिम :

मासिक बचत प्रती सदस्य प्रती महिना रु.

समुह सदस्यहरुको विवरण :

| क. स | सदस्यको नाम | समुहमा पद जिम्मेवारी | सम्पर्क मो.नं. | ठेगाना कपिलवस्तु नगरपालिकाको | | लिङ्ग,महिला,पुरुष | उमेर वर्ष | खेती गरेको जग्गाको क्षेत्रफल(बिगाहा) | | | | मौरी ग्रिन हाउसआदि भए सो को संख्या | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | वडा नं. | टोल | | | सिंचित | सिंचाईको श्रोत | असिंचित | जम्मा जग्गा | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |
| | | | | | | | | | | | | | |

नोट : समुहका सबै सदस्यहरुबाट प्रमाणित गरी पेश गर्नु पर्ने ।

प्रमाणीकरण मिति : २०७.....।........।........

..............................

आज्ञाले

विमलराज आचार्य

प्रमुख प्रशासकीय अधिकृत